# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७९/८०

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०८/१३)*

मरिण गाउँपालिकाको कृषि विकास शाखाको लागि आवश्यक नायव प्राविधिक सहायक पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्न देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको फारम भरी दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | सेवा, सुविधा | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०५/०७९/०८० | ना.प्रा.स | १ (एक) | प्रचलित नियमानुसार | ४००/- | |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम एक १८ महिने जे.टि.ए.(कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टि.एस.एल.ली./टि.एस.ई.ई.उत्तीर्ण गरेको,

ख) कुनै फौजदारी अभियोग नलागेको,

ग) दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको,

२. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः** नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्नेछ।

३. **दरखास्त दिने स्थानः** मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।

४. **दरखास्त दिने अन्तिम मिति :** २०७९/०८/२७ गते कार्यालय समय भित्र ।

५. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः** तोकिएको दरखास्त दस्तुर राष्ट्रिय वाणिज्य बैंक लि., कपिलाकोट शाखामा रहेको मरिण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५३०१००३०१०१०००२ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

६. **छनौटका आधारहरु :** लिखित परीक्षा र अन्तरवार्ता ।

७. **लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।**

८. **करार अवधिः** २०८० असार मसान्त सम्म (कार्यसम्पादनको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले करार अवधि एक वर्ष नबढ्ने गरी थप गर्न सक्नेछ)।

९. दरखास्त फारम यस गाउँपालिकाको वेभसाइट www.marinmun.gov.np मा प्राप्त गर्न सकिनेछ ।

२०७९/०८/१२

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

*पुनश्चः थप जानकारीका लागि यस गा.पा. अन्तर्गत कृषि विकास शाखा प्रमुखको सम्पर्क नं.९८४११०३२८१ मा सम्पर्क गर्न सकिनेछ ।*